CFM

Compassionate Family Medicine

# कम्पेशनेट फ्यामिलि मेडिशिन

## वेबसाइट गोपनियता निति

यस वेबसाइटमा भएको जानकारी कम्पेशनेट फ्यामिलि मेडिशिनद्वारा प्रदान गरिएको जानकारी हो र हाम्रा प्रयोगकर्ताहरूको गोपनियतालाई सुरक्षित राख्न हामी प्रतिबद्ध छौं। कम्पेशनेट फ्यामिलि मेडिशिनले विशेषगरि प्रयोगकर्ताहरूले आफैं त्यस्तो जानकारी प्रदान गर्ने बाहेक, यसमा भएकोव्यक्तिगत परिचय सम्बन्धी जानकारीहरू कसैलाई पनि बेच्दैन, कारोबार गर्दैन वा भाडामा लिँदैन। कम्पेशनेट फ्यामिलि मेडिशिनले प्रयोगकर्ताहरूको सेवालाई अझ सुधार गर्न र गुणस्तरीय बनाउनको निमित्त प्रयोगकर्ताहरूको व्यक्तिगत परिचय सम्बन्धी जानकारीहरूलाई प्रयोग गर्ने छ। प्रयोगकर्ताहरूले नयाँ जानकारीहरू प्राप्त गर्नको लागि अनुरोध गरेमा कम्पेशनेट फ्यामिलि मेडिशिन मार्फत अझ राम्रो सेवाहरू प्राप्त गर्न नयाँ थेरापी, उत्पादन र सेवाहरूको विषयमा जानकारी प्रदान गर्ने छ। सबै उपचारको विकल्प, उत्पादन वा सेवा सम्बन्धी प्राप्त जानकारीहरूलाई कम्पेशेनेट फ्यामिलिले समर्थन जनाउँछ भन्ने छैन वा त्यस्तै धारणा राख्छ भन्ने छैन।

प्रयोगकर्ताहरूले आफ्नो कम्प्युटरमा प्रयोग गर्ने ब्राउजर फाइलमा कम्पेशनेट फ्यामिलि मिडिशिनको वेबसाइट www.cfmsyracuse.org ले कुकी राखेको हुन्छ भन्ने कुरा थाहा पाउनुपर्छ। यस्तो कुकीमा कुनैपनि व्यक्तिगत जानकारीहरूसँग सम्बन्धित कुराहरू समावेश हुँदैन। धेरैजसो वेब ब्राउजरहरूले स्वत: आफै कुकिजलाई स्वीकार्छ, तर सामान्यतया प्रयोगकर्ताले कुनै पनि समयमा यस्ता कुकीजलाई रोक्न ब्राउजरमा परिवर्तनहरू गर्न सक्छन्। यस्तो कुकीले प्रयोगकर्तालाई फेरि कुनै कुरा हेर्न सिजलो बनाउँछ।